मष्टा गाउँपालिका
(Masta Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय, बझाङ्ग
(OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE)

पत्र संख्याः २०७९।०८०
चलानी नं.

भातेखोला, बझाङ्ग
सुदरपश्चिम प्रदेश, नेपाल

## विषय - शोक विज्ञप्ति

बझाङ जिल्ला क्षेत्र नं. १ (क) बाट निर्वाचित सुदूरपश्चिम प्रदेश सभा सदस्य एवं आन्तरिक मामिला तथा कानून मन्त्री पृथ्वी बहादुर सिंहज्यूको असामयिक निधन प्रति दुःख व्यक्त गर्दछु ।

सरकारी कामको सिलसिलामा मिति २०८०।०३।०५ गतेका दिन धनगढीबाट गृह जिल्ला बझाङ्ग आउने क्रममा बझाङ्ग जिल्लाको केदारस्युँ गाउँपालिका वडा नं. १ जुवालीखेत देउरामा माननीय मन्त्रीज्यू सहित ५ जना सवार सु.प.प्र. ०१००१ झ ४८० नम्वरको गाडी दुर्घटनामा परी उहाँको धर्मपत्नी अमृता देवी सिंह र भाउजु जयादेवी सिंहको प्राथमिक उपचारको क्रममा देउरा स्थित रितु पोलिटेक्निकमा र माननीय मन्त्रीज्यूको नेपालगञ्ज मेडिकल कलेजमा उपचारका क्रममा निधन भएको प्रति भावभूर्ण श्राद्धाञ्जली अर्पण गर्दै उहाँहरुको आत्माको चीर शान्तिको कामना सहित यस दुखद घडीमा शोक शन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछु । साथै उक्त दुर्घटनामा घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

नेपालको लोकतान्त्रिक आन्दोलन, न्यायोचित समाज निर्माण र बझाङ्ग जिल्लाको समग्र विकासमा उहाँले पुर्याउनु भएको महत्वपूर्ण योगदान सदा स्मरणीय रहनुका साथै उहाँको सरल स्वभाव र जीवनशैली हामी सवैका लागि प्रेरणाको श्रोत हुनेछ ।

मिति २०८० असार ०६ गते वुधवार ।

ज्ञान बहादुर बोहरा
अध्यक्ष

ज्ञान वहादुर वोहरा
गाउँपालिका अध्यक्ष

Email: ito.mastamun@gmail.com
Website: www.mastamun.gov.np